# सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष
नेपाली विषयको विद्यावारिधि (पिएचडी)
उपाधिका लागि प्रस्तुत

**शोधप्रबन्ध**

अनुसन्धाता
शेखरकुमार श्रेष्ठ
नेपाल संस्कृत विश्वविद्यालय
दर्ता नं : २०४/२०७१
२०७७

# सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष
नेपाली विषयको विद्यावारिधि (पिएचडी)
उपाधिका लागि प्रस्तुत

## शोधप्रबन्ध

शोधनिर्देशक
प्रा.केशव सुवेदी

शोधविशेषज्ञ

सहप्रा. डा.ऋषिराम रेग्मी

सहप्रा. डा. नारायणप्रसाद गडतौला

अनुसन्धाता
शेखरकुमार श्रेष्ठ
नेपाल संस्कृत विश्वविद्यालय
दर्ता नं: २०४/२०७१
२०७७

## सम्मति

*सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन* शीर्षकको यो शोधप्रबन्ध शोधार्थीश्री शेखरकुमार श्रेष्ठले मेरा निर्देशनमा सम्पन्न गर्नुभएको हो । पौरस्त्य दर्शनका प्रमुख स्थापनाहरूमा आधारित उहाँको यो शोधकार्य पूर्णतः मौलिक छ र यसबाट म सन्तुष्ट छु । प्रस्तुत शोधप्रबन्धको अन्तिम मूल्याङ्कनपछि वाक्परीक्षासमेत सम्पन्न भइसकेकाले अनुसन्धातालाई नेपाली विषयमा विद्यावारिधि उपाधि प्रदान गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउन नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७७/१२/

.........................

प्रा. केशव सुवेदी

शोधनिर्देशक

# शोधविशेषज्ञको सम्मति

अनुसन्धाता श्री शेखरकुमार श्रेष्ठलेविद्यावारिधि उपाधिका लागि*सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन*शीर्षकमा गरिएको शोधकार्यको प्रतिवेदनका रूपमा प्रस्तुत यस शोधप्रबन्धमा सात परिच्छेद रहेका छन् । अनुसन्धाताद्वारा श्रमपूर्वक सम्पन्न गरिएको यस शोधप्रबन्धमा पौरस्त्य षड्दर्शनका सैद्धान्तिक दृष्टिकोणका आधारमा कवि सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूको विश्लेषण गरिएको छ । यस शोधप्रबन्धलाई विद्यावारिधि उपाधिका लागि औपचारिक प्रक्रिया अघि बढाउन नेपाल संस्कृत विश्वविद्यालयको अनुसन्धान केन्द्रसमक्ष ससम्मति सिफारिस गर्दछु ।

मिति : २०७७/१२/

..............................

सहप्रा.डा.ऋषिराम रेग्मी

शोधविशेषज्ञ

## शोधविशेषज्ञको सम्मति

*सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन*शीर्षकको योशोधप्रबन्धअनुसन्धाताश्री शेखरकुमार श्रेष्ठले मेरो विशेषज्ञत्वमा तयार गर्नुभएको हो ।प्रस्तुतशोधप्रबन्धमापौरस्त्य षड्दर्शनका सैद्धान्तिक मान्यताका आधारमा कवि सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूको मौलिक एवम् प्राज्ञिक विश्लेषण गरिएको छ । यस शोधप्रबन्धलाई विद्यावारिधि उपाधिकालागि आवश्यक प्रक्रिया अघि बढाउन नेपाल संस्कृत विश्वविद्यालयकोअनुसन्धानकेन्द्रसमक्षसिफारिस गर्दछु ।

मिति : २०७७/१२/

..........................................

सहप्रा.डा.नारायणप्रसाद गडतौला

शोधविशेषज्ञ

# प्रतिबद्धतापत्र

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रबाटनेपाली विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत *सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन*शीर्षकको शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक तथा शोधविशेषज्ञका निर्देशनमा रही सम्पन्न गरेको पूर्णत मौलिक कार्य हो । मैले यो शोधप्रबन्ध लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र जसका लागि ती सामग्रीका लेखकहरूप्रति कृतज्ञता पनि प्रकट गर्दछु। साथै यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यस अघि कुनै पनि उपाधि वा अरू प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ अंश पुस्तक वा पुस्तकका अंशका रूपमा प्रकाशित गरे गराएको पनि छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धता विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्ण जिम्मेवारी हुने छु।

मिति : २०७७/१२/

..............................

शेखरकुमार श्रेष्ठ

शोधार्थी

# कृतज्ञताज्ञापन

सिद्धिचरण श्रेष्ठ स्वनामधन्य कवि हुन् । उनी आधुनिक नेपाली कविता लेखन परम्परामा स्वच्छन्दतावादी कविका रूपमा स्थापित छन् । स्वच्छन्दतावादी कविता/काव्य लेखनका कल्पनाको प्रधानता, आत्मनिष्ठताको भावना, प्रकृतिप्रेम, विद्रोही वा क्रान्तिचेतको भावना, सौन्दर्यमयी भावना, कृत्रिमताबाट मुक्ति, यथार्थ भौतिक जगत्बाट पलायन, सङ्गीतात्मकता, अद्भुत तथा आश्चर्यप्रति मोह, मानवतावाद, लोकभाषा एवम् लोकसंस्कृतिप्रति रुचि, आत्मापरमात्मा, दैवी प्रेरणा तथा अवचेतन मनप्रति आस्था जस्ता प्रवृत्ति छन् । यही कारण स्वच्छन्दतावाद सङ्कीर्ण घेराभित्र सीमित नरही व्यापक छ । यही व्यापकताभित्र आध्यात्मिकता पनि स्वच्छन्दतावादी कविको काव्य लेखनसँग जोडिएर अभिव्यक्त हुने विषय हो । यो आध्यात्मिकता भूगोल, संस्कृति, धर्म आदिसँग जोडिएर काव्यमा प्रकट हुन्छ । यस सिलसिलामा कवि श्रेष्ठ धर्म र संस्कृतिका दृष्टिले हिन्दु हुन् । उनको रहनसहन, रीतिरिवाज, व्यवहारमा हिन्दु धर्मले स्वीकार गर्दै आएको वैदिक दर्शनको प्रभाव परेको छ । यिनै कारण प्रस्तुत *सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन*शोधप्रबन्धमा श्रेष्ठका प्रकाशित खण्डकाव्यहरूलाई पौरस्त्य षड्दर्शनका भौतिक जीवन, आत्मा, कर्म, मोक्ष, पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तनलाई शोधसमस्याका रूपमा लिई प्रभाव निरूपण गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत शोधप्रबन्ध मैले मेरा आदरणीय गुरु प्राध्यापक केशव सुवेदीको शोधनिर्देशनमा तयार पारेको हुँ । यसमा उहाँको विषयगत दक्षता र आफ्नो जीवनको प्राध्यापन अनुभव समेटिएका छन् । उहाँले नै दर्शनले शून्य मेरो मस्तिष्कमा शोधकार्य प्रारम्भ गर्नुअघि शोधशीर्षक छनौटदेखि लिएर यसलाई पूर्ण गराउने क्रममा ज्ञान भरिदिने तथा शोधकार्य गर्दै जाँदा विषयगत ज्ञानदेखि लिएर शोधकार्यको ढाँचा तयार पार्न निर्देशन, परामर्श, सल्लाह, सुझाव दिँदै यो शोधकार्यलाई पूर्ण आकार दिने कार्य गर्नुभएको छ । त्यसैले यो शोधकार्यप्रति म उहाँको चिर ऋणी छु । यसैगरी शोधकार्य गर्दै जाने क्रममा परेका गाँठालाई आफ्नो विद्वत् ज्ञानले फुकाएर सहयोग गरिदिनुहुने शोधविशेषज्ञ नेपाल संस्कृत विश्वविद्यालयका सहायक प्राध्यापक डा. ऋषिराम रेग्मी तथा त्रिभुवन विश्वविद्यालयका सहायक प्राध्यापक डा. नारायणप्रसाद गडतौलाको गुरु विशेषज्ञताको पनि म सदा ऋणी रहन्छु । त्यस्तै शोधप्रबन्ध तयार गर्ने क्रममा प्रा.शिवगोपाल रिसाल, डा.नारायण चालिसेले पनि महत्त्वपूर्ण सुझाव दिनुभएको छ । साथै यो शोधपत्र तयारीको क्रममा हौसला दिनुहुने प्रा.डा. दयाराम श्रेष्ठप्रति पनि म कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध लेखनका क्रममा सिद्धिचरण श्रेष्ठद्वारा लिखित पुस्तक तथा अन्य अध्ययन सामग्री उपलब्ध गराई सहयोग गरिदिनुहुने युगकवि सिद्धिचरण श्रेष्ठ प्रतिष्ठानका संरक्षक रविचरण श्रेष्ठ तथा त्यस संस्थानका सचिव तथा पद्‌मकन्या कलेजका सहप्राध्यापक

फणीन्द्र निरौलाप्रति पनि म ऋणी छु । त्यसैगरी नेपाल संस्कृत विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, नेपालभारत सांस्कृतिक पुस्तकालय, शिखरापुर क्याम्पस, फर्पिङ मावि, कामधेनु मावि, कवि तथा मित्र आरएम डङ्गोल, माधवप्रसाद सापकोटा र शेखर अर्यालको निजी पुस्तकालयबाट पनि मैले शोधसामग्री जुटाएको छु । तसर्थ ती संस्था, संस्थामा कार्यरत कर्मचारी तथा मित्रलाई म सहयोगका लागि धन्यवाद ज्ञापन गर्दछु । यसका साथै प्रस्तुत शोधप्रबन्ध तयार गर्ने क्रममा विश्वविद्यालयमा गर्नुपर्ने प्रशासनिक कार्यहरूमा शोधार्थीका नाताले मलाई यथाशक्य मद्दत गर्नुहुने नेपाल संस्कृत विश्वविद्यालयका नगेन्द्रराज रेग्मीलगायत सबै कर्मचारीहरू पनि मेरो हौसलाका पात्र हुनुभएकाले म उहाँहरूको सहयोगप्रति कृतज्ञ छु ।

शिक्षा प्राप्त गरेर केही गर्नुपर्छ भन्ने धारणा राखी मलाई सानैदेखि देहान्तपूर्वसम्म हौसला दिनुहुने मेरा पिता स्वर्गीय नारायणबहादुर श्रेष्ठलाई आजको यो कार्य गर्दा पनि म स्मरण गर्दै छु । यसैगरी यो उपाधिका लागि मेरो घरप्रति रहेको जिम्मेवारी सम्पूर्ण रूपमा हेरिदिएर मलाई पठन र लेखनको समय दिने माता लक्ष्मी श्रेष्ठ, शोधकार्य लेखनका क्रममा घरको आर्थिक जिम्मेवारी वहन गर्ने भाइ उज्वलकुमार श्रेष्ठ र जीवनसखा बिनु श्रेष्ठप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै उमेरले साना भएर पनि पढ्नका लागि व्यावहारिक जिम्मेवारी कम गराउने छोरी नन्दासिंह श्रेष्ठ र छोरा श्रीअंश श्रेष्ठलाई पनि हृदयदेखि प्रेम व्यक्त गर्दछु ।

यसका साथै शोधप्रबन्ध तयार पार्न टुटेको मन जोडिदिने शशि शर्मा, केदारनाथ आचार्य, आनन्द पुरी, कृष्णकुमार श्रेष्ठ, शशि अर्याल, भरत कार्की, दिलाशा श्रेष्ठ, रामकुमार बस्नेतलाईपनि धन्यवाद ज्ञापन गर्दै मेरो शोधलेख टङ्कण गर्न सहयोग गरिदिने सनोज श्रेष्ठ र सिर्जना श्रेष्ठलाई स्मरण गर्दै मलाई परोक्षअपरोक्ष सहयोग गर्नुहुने सबैलाई विशेष धन्यवाद व्यक्त गर्दछु । अन्तमा बाह्य मूल्याङ्कनकर्ता र वाक्परीक्षामा आएका सुझावसमेत समायोजन गरी प्रस्तुत शोधप्रबन्धको आवश्यक परिमार्जनगरिसकेको हुनाले विद्यावारिधि उपाधिका निमित्त नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष अनुरोध गर्दछु ।

मिति :२०७७/१२/

..............................

शेखरकुमार श्रेष्ठ
नेपाल संस्कृत विश्वविद्यालय
अनुसन्धान केन्द्र
काठमाडौं ।

# शोधसार

सिद्धिचरण श्रेष्ठ नेपाली कविता लेखन परम्परामा स्वच्छन्दतावादी धाराका प्रवर्तक मध्येका एक हुन् । उनको जन्म ओखलढुङ्गा जिल्लामा भएको हो । कवि श्रेष्ठद्वारा लिखित पहिलो खण्डकाव्य *जूवा* हो भने प्रकाशित पहिलो खण्डकाव्यचाहिँ *उर्वशी* हो । यी दुईबाहेक उनका *विश्वव्यथा, ज्यानमारा शैल, नेपाल,देवघाट, मङ्गलमान, आँसु, नौली, जूनकीरी, भीमसेन थापा, आत्मबिलौना, कान्तिमती* तथा *युद्ध र शान्ति* खण्डकाव्य प्रकाशित छन् । उनका प्रकाशित यी चौध खण्डकाव्यमध्ये जूवा, नेपाल र नौलीबाहेक अन्य एघारओटा खण्डकाव्यमा पौरस्त्य षड्दर्शनका भौतिक जगत्, आत्मा, कर्म, मोक्ष, पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन अभिव्यक्त भएका छन् । त्यसैले कवि सिद्धिचरण श्रेष्ठका खण्डकाव्य पौरस्त्य षड्दर्शनबाट प्रभावित छन् ।

सिद्धिचरण श्रेष्ठमा नेपाली जातिगत संस्कार, समाज, धर्म, वेद, उपनिषद् गीता, पुराण आदिका पृष्ठभूमिमा आधारित मूल्य मान्यता एवम् आदर्श व्यवस्थाको अनुभव र सहजानुभूतिबाट प्राप्त आध्यात्मिकता तथा धार्मिक चिन्तनलगायत आफूले जीवनमा भोग्नुपरेका दुःखकष्टका कारण भौतिक जीवन र जगत्लाई क्षणिक तथा मिथ्या मान्नुपर्ने चिन्तन विकास भएको छ । कवि श्रेष्ठले बाल्यकालमा कुनै समस्या र कठिनाइ भोग्नुनपरे पनि प्रौढावस्थामा पुत्र वियोगको पीडा भोग्नुपरेको छ । यसैको भावावेगमा उनले मृत पुत्र विश्वचरणको जन्म, मृत्यु र स्मृति उल्लेख गरी विश्वव्यथा लेखेका हुन् । यसमा उनले एकातिर असमयमै पुत्रसँग वियोग गराउने विधिको पालेसँग विद्रोह गर्नुपर्ने चेतना प्रकट गरेका छन् भने अर्कातिर मृत्युलाई अजेय मान्दै जन्म र मृत्युबिचको जीवनलाई क्षणिक तथा मिथ्या मानेका छन् । यसैबाट उनको काव्य लेखनमा भौतिक जगत्प्रति मिथ्याभाव उत्पन्न भई आत्मचिन्तनको मार्ग विकास भएको देखिन्छ ।

'क्रान्ति' शब्द प्रयोग गरी *वर्षा* (१९९७) कविता लेखेका कारण तत्कालीन सरकारले सिद्धिचरण श्रेष्ठलाई सर्वस्व हरणसहित अठार वर्षको कैद सजाय दिई जेलमा राख्छ । जेलमा परेपछि एकातिर कवि श्रेष्ठमा नेपाली राजनीति र सामाजिक व्यवस्थाको विरुद्धमा क्रान्ति गर्नुपर्ने चेतना निर्माण हुन्छ भने अर्कातिर एकान्त वासले भौतिक जगत्प्रति मिथ्याभाव जागृत हुनपुग्छ । यसका साथै भौतिक जगत्सँग टाढिएर एकान्तमा रहँदा कवि श्रेष्ठका मनलगायतका इन्द्रिय भौतिक जगत्बाट टाढिन पुगी आत्मासँग नजिकिन पुग्छ । यस क्रममा उनको मनले समाज तथा राष्ट्रमा अन्याय, अत्याचार, शोषण, दमन, असमानता, वर्गीय विभेद आदि हुनुको कारणका रूपमा सामाजिक, राजनीतिक आदिको व्यवस्थामात्र नभएको कुरा महसुस गर्दछ । परिणामतः उनी व्यक्ति, समाज र राष्ट्रमा देखिने भौतिक जगत्प्रतिको स्वार्थ, लोभ, मोह, मद, ईर्ष्या, मात्सर्य, द्वेष, रिस, राग आदिलाई नै दुःख तथा अशान्ति सिर्जनाको मूल कारण मान्न पुग्छन् । यिनै कुराबाट प्रेरित भईसभ्य, समतामूलक मानव समाज, राष्ट्र र विश्व रचनाका लागि जीवात्माले भौतिक जगत्को सत्यता बोध गर्नुपर्ने ठान्दै उनले काव्य सिर्जना गरेका छन् । यसरी भौतिक जगत् मिथ्या मान्ने क्रममा

उनले पौरस्त्य षड्दर्शनसम्बद्ध आत्मा, कर्म, मोक्ष, ईश्वर आदिसँग सम्बन्धित चिन्तन प्रस्तुत गरी काव्य सिर्जना गरेका छन् ।

कवि श्रेष्ठले आफ्ना काव्यको विषयमा क्रान्तिचेत अभिव्यक्त गरे पनि उनको त्यो चेतना मानव कल्याणका लागि प्रकट भएका छन् । उनका काव्यमा मानव सुखका लागि व्यक्ति, समाज र राष्ट्रमा विद्यमान विकृति विसङ्गति हटाउनुपर्ने चाहना अभीष्ट बनेर आएको छ । यही कुरा पूरा गर्न जीवन जगत्को यथार्थ जीवात्मालेबुझ्नुपर्ने कुरा उनका काव्यमा अभिव्यक्त भएको छ । उनका काव्यमा भौतिक जगत्का सम्पूर्ण कुरा विनाशी भएकाले मानव शरीर पनि नाशवान् भएको कुरा उल्लेख छ । मानव समाजमा मानिसले सुखका लागि उपयोग गर्ने भौतिक धन सम्पत्ति, मान, मर्यादा, पद, प्रतिष्ठा, वैभव आदि सबै नाश भएर जाने कुरालाई सत्य तथा यथार्थ ज्ञानका रूपमा उनका काव्यलेस्वीकार गरेको छ । यही जीवन जगत्को सत्यता प्रकट गर्ने क्रममा कवि श्रेष्ठका काव्यमा पौरस्त्य दर्शनसम्बद्ध भौतिक जगत्सम्बन्धी चिन्तन प्रस्तुत भएका छन् ।

कवि श्रेष्ठका काव्यमा नाशवान् भौतिक जगत्को सत्य ज्ञान जीवात्मालाई बोध भए समाज, राष्ट्र र विश्वमा कुनै पनि प्रकारका शोषण, दमन, अन्याय, अत्याचार नहुने कुरा अभिव्यक्त भएको छ । यसैका लागि आत्मज्ञानलाई मुक्तिको साधनका रूपमा लिई जीवन जिउनुपर्ने कुरा उनका काव्यमाप्रस्तुत छ ।

कविसिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा आत्मज्ञान प्राप्तिलाई मोक्ष प्राप्तिको साधन भनिएको छ । उनले आत्मज्ञान प्राप्तिका लागि गरिने कार्यलाई कर्मकारूपमा लिएका छन् । जीवात्माभित्र रहेको लोभ, मोह मद, ईर्ष्या आदिलाई दुःख उत्पन्न गराउने कारण मान्दै यसैका कारण सारा संसार दुःखको सागरभित्र परेको कुरा कवि श्रेष्ठका काव्यमा अभिव्यक्त भएका छन् । उनका काव्यमा सांसारिक जीवनको दुःख कष्ट हटाउन जप, तप, ध्यान, योग लगायत आत्मज्ञानीको सत्सङ्गमा जीवात्मा लाग्नुपर्ने कुरा अभिव्यक्त छ । उनको काव्यमा भौतिक जगत्को यथार्थ बोध गरी सच्चिदानन्द प्राप्तिमा लाग्न सके दुःखबाट जीवले मुक्ति प्राप्त गर्ने भाव अभिव्यक्त भएको छ ।

कवि श्रेष्ठका काव्यमा वर्तमान जीवनमा प्राप्त दुःख सुखलाई पूर्वजन्ममा गरिएको कर्मको फल मान्दै यस जन्ममा पनि निष्काम कर्म गर्न नसके पुनर्जन्मको चक्रमा आत्मा परी पुनर्जन्मको गर्तभित्र डुब्ने भाव व्यक्त भएको छ ।

कवि सिद्धिचरण श्रेष्ठको उर्वशी काव्यलेनिष्काम कर्मका साथै आत्मज्ञान प्राप्तिमा जोड दिएको छ भने विश्वव्यथा काव्यले भौतिक जगत्का सुख र साधनको प्राप्तिलाई क्षणिक र मिथ्या ज्ञान मानेको छ । उनको ज्यानमारा शैल काव्यले भौतिक जगत्को प्रेम प्राप्तिलाई असत्य मानेको छ भने देवघाटले आत्मशान्तिका लागि भौतिक जगत्बाट शरीर र शरीरसँग रहेको आत्मालाई शान्तधाममा लैजानुपर्ने कुरा गरेको छ । उनको मङ्गलमान काव्यले भौतिक जगत्को प्रेमले मानवीय धर्म नाश भई आत्मा दुःखमा पर्ने कुरा अभिव्यक्त गरेको छ भने आँसु काव्यले परिवार, समाज र राष्ट्रमा शोषण, अन्याय, अत्याचार हुनुको

कारणका रूपमा आत्मज्ञानको अभावलाई कारक मानेको छ । उनको जूनकीरी काव्यले भौतिक जगत्को प्रेमलाई क्षणिक र असत्य मानेको छ भनेभीमसेन थापा काव्यले जतिसुकै शक्ति, मान, प्रतिष्ठा भए पनि ती क्षणिक र नाशवान् हुने कुरा उल्लेख गरेको छ । त्यस्तै उनको आत्मबिलौना काव्यले जीवन जगत्को सत्यता बोध गरी आत्मज्ञानको मार्गमा लाग्न नसक्दा आत्माले हीनताबोध गर्ने कुरा व्यक्त गरेको छ भने कान्तिमती काव्यले भौतिक जगत्को रूप, सौन्दर्य, विषय, वासना आदि क्षणिक रहेको कुरा बताएको छ ।त्यसै गरी उनको युद्ध र शान्ति काव्यले विश्व र मानव समाजमा अशान्ति हुनुको कारणका रूपमा लोभ र स्वार्थलाई कारक तत्त्वमानेको छ । यसरी कवि श्रेष्ठका पौरस्त्य दर्शन प्रभावित सबै काव्यले भौतिक जगत्लाई क्षणिक र मिथ्या मानी आत्मज्ञान प्राप्तिका लागि जीवात्मा लाग्नुपर्ने भाव अभिव्यक्त गरेको छ । उनका काव्यले आत्मज्ञान प्राप्तिका लागि सत् र निष्काम भावका साथ लागे मोक्षको मार्गमा जीव लाग्ने कुरा बताएको छ । यसका साथै उनका काव्यमा ईश्वरलाई सृष्टि, स्थिति र संहार गर्ने नियन्ताका रूपमा लिइएको छ । उनका काव्यमा आत्मालाई परमात्माको अंशका रूपमा लिई शरीर जीवित बनाउने चेतन तत्त्वको रूपमा आत्मा रहेको कुरा उल्लेख गरिएको छ ।

कवि श्रेष्ठकाप्रकाशित खण्डकाव्यमध्ये पौरस्त्य दर्शन प्रभावित खण्डकाव्यमा दुःखान्तबोधका विषय छन् । उनका खण्डकाव्यमा कवि स्वयम्को जीवनमा आइपरेका कठिनाइ र कविको चढ्दो उमेर क्रमसँगै पौरस्त्य दर्शनका भौतिक जगत्, आत्मा, कर्म, मोक्ष, पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन विषयवस्तु प्रस्तुतिका क्रममा आएका छन् । उनले जीवात्मा स्वयम्मा भएका लोभ, ईर्ष्या, लालसा, द्वेष, अहम् जस्ता गुणले दुःख, कष्ट र पीडा हुने कुरा आफ्ना काव्यमार्फत व्यक्त गरेका छन् । उनले नाशवान् भौतिक जगत्को प्रवृत्ति बुझी निष्काम कर्ममा लागेमात्र व्यक्ति, समाज र राष्ट्रको हित भई समतामूलक समाज निर्माण हुने कुरा अभिव्यक्त गरेका छन् । उनले अन्याय, अत्याचार, शोषण, असमानता र विभेदका विरुद्धमा क्रान्ति भएको कुरा उल्लेख गर्दैसमतामूलक समाज, राष्ट्र र विश्व निर्माण गर्न भौतिक जगत्लाई मिथ्या मान्ने आत्मज्ञान जीवात्माका लागि अपरिहार्य रहेको कुरा आफ्ना काव्यमार्फत प्रस्तुत गरेका छन् । उनका काव्यमा निहित यिनै पक्ष उनको खण्डकाव्य लेखनको मूल निष्कर्ष र पौरस्त्य दर्शनको मुख्य सारबनेर आएको छ ।

## विषयसूची


| | |
|---|---|
| *सम्मति* | *क* |
| *शोधविशेषज्ञको सम्मति* | *ख* |
| *शोधविशेषज्ञको सम्मति* | *ग* |
| *प्रतिबद्धतापत्र* | *घ* |
| *कृतज्ञताज्ञापन* | *ङ* |
| *विषयसूची* | *छ* |
| *सङ्क्षेपीकृत शब्दसूची* | *ड* |
| *शोधसार* | |
| **पहिलो परिच्छेद :शोधपरिचय** | **१-२२** |
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधको उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधको औचित्य | २० |
| १.६ शोधको सीमा | २१ |
| १.७ शोधविधि | २१ |
| १.७.१ सामग्री सङ्कलनविधि | २१ |
| १.७.२ सङ्कलित सामग्रीको विश्लेषणविधि | २२ |
| १.८ शोधप्रबन्धको सङ्गठन | २२ |
| **दोस्रो परिच्छेद :पौरस्त्य दर्शनका मूल प्रस्थापना रखण्डकाव्य विश्लेषणका आधार** | **२३-११०** |
| २.१ विषयपरिचय | २३ |
| २.२ दर्शन शब्दको अर्थ | २३ |
| २.३ पौरस्त्य दर्शनको परिचय र वर्गीकरण | २६ |
| २.३.१ पौरस्त्य दर्शनको परिचय | २६ |
| २.३.२ पौरस्त्य दर्शनको वर्गीकरण | २७ |
| २.४ पौरस्त्य दर्शनको पृष्ठभूमि र ऐतिहासिक परम्परा | २८ |
| २.४.१ पौरस्त्य दर्शनको पृष्ठभूमि : वैदिक वाङ्मय | ३० |
| २.४.२ पौरस्त्य दर्शनको विस्तार | ४४ |
| २.४.२.१महाकाव्यकाल | ४४ |

| | | |
|---|---|---|
| | २.४.२.२ सूत्रग्रन्थकाल | ५५ |
| २.५ | षड्दर्शनको परिचय | ५८ |
| | २.५.१ साङ्ख्यदर्शन | ५८ |
| | २.५.२ योगदर्शन | ६१ |
| | २.५.३ वैशेषिकदर्शन | ६४ |
| | २.५.४ न्यायदर्शन | ६७ |
| | २.५.५ मीमांसादर्शन | ७२ |
| | २.५.६ वेदान्तदर्शन | ७६ |
| २.६ | खण्डकाव्य विश्लेषणका पौरस्त्य दर्शनशास्त्रीय आधारहरू | ८४ |
| | २.६.१ भौतिक चिन्तन | ८५ |
| | २.६.२ आत्मा | ९१ |
| | २.६.३ कर्म | ९५ |
| | २.६.४ मोक्ष | १०० |
| | २.६.५ पुनर्जन्म | १०५ |
| | २.६.६ ईश्वर | १०६ |
| २.६ | निष्कर्ष | १०९ |

**तेस्रो परिच्छेद :सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पौरस्त्य दर्शन उद्बोधनका आधारहरू** **१११-१५६**

| | | |
|---|---|---|
| ३.१ | विषयपरिचय | १११ |
| ३.२ | बालककाल, शिक्षादीक्षा र पौरस्त्य दर्शनको उद्बोधन | ११२ |
| ३.३ | युवावस्था, साहित्य सिर्जना र पौरस्त्य दार्शनिक चेतनाको आधार निर्माण तथा विस्तार | ११८ |
| ३.४ | प्रौढावस्था, साहित्य सिर्जना र पौरस्त्य दार्शनिक चेतनाको प्रखरता | ११९ |
| ३.५ | जीवनको उत्तरार्धयात्रा र ऐहिक सांसारिक निरर्थकताको प्रस्तुति | १२८ |
| ३.६ | सिद्धिचरण श्रेष्ठको कविता यात्रा र खण्डकाव्य कृतिको सृजना | १३१ |
| ३.७ | सिद्धिचरण श्रेष्ठका विश्लेष्य खण्डकाव्यको कृतिगत सन्दर्भ | १३८ |
| | ३.७.१ 'उर्वशी' खण्डकाव्यको कृतिगत सन्दर्भ | १३८ |
| | ३.७.२ 'विश्वव्यथा' खण्डकाव्यको कृतिगत सन्दर्भ | १४० |
| | ३.७.३ 'ज्यानमारा शैल' खण्डकाव्यको कृतिगत सन्दर्भ | १४१ |
| | ३.७.४ 'देवघाट' खण्डकाव्यको कृतिगत सन्दर्भ | १४२ |
| | ३.७.५ 'मङ्गलमान' खण्डकाव्यको कृतिगत सन्दर्भ | १४२ |
| | ३.७.६ 'आँसु' खण्डकाव्यको कृतिगत सन्दर्भ | १४३ |

३.७.७ 'जूनकीरी' खण्डकाव्यको कृतिगत सन्दर्भ १४४
३.७.८ 'भीमसेन थापा' खण्डकाव्यको कृतिगत सन्दर्भ १४५
३.७.९ 'आत्मबिलौना' खण्डकाव्यको कृतिगत सन्दर्भ १४७
३.७.१० 'कान्तिमती' खण्डकाव्यको कृतिगत सन्दर्भ १४८
३.७.११ 'युद्ध र शान्ति' खण्डकाव्यको कृतिगत सन्दर्भ १५०
३.८ सिद्धिचरण श्रेष्ठका पौरस्त्य षड्दर्शनसम्बद्ध मुख्य प्रवृत्ति १५१
३.९ निष्कर्ष १५५

**चौथो परिच्छेद :सिद्धिचरण श्रेष्ठका काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन १५७-३०५**

४.१ विषयपरिचय १५७
४.२ 'उर्वशी' काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन १५७
४.२.१ 'उर्वशी' काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन १५८
४.२.२ 'उर्वशी' काव्यमा आत्मासम्बन्धी चिन्तन १६५
४.३ 'विश्वव्यथा' काव्यमा भौतिक जगत् आत्मासम्बन्धी चिन्तन १७६
४.३.१ 'विश्वव्यथा' काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन १७६
४.३.२ 'विश्वव्यथा' काव्यमा आत्मासम्बन्धी चिन्तन १८१
४.४ 'ज्यानमारा शैल'काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन १८३
४.४.१ 'ज्यानमारा शैल'काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन १८३
४.४.२ 'ज्यानमारा शैल'काव्यमा आत्मासम्बन्धी चिन्तन १९०
४.५ 'देवघाट'काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन १९२
४.५.१ 'देवघाट'काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन १९२
४.५.२ 'देवघाट'काव्यमा आत्मासम्बन्धी चिन्तन १९५
४.६ 'मङ्गलमान' काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन २००
४.६.१ 'मङ्गलमान' काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन २००
४.६.२ 'मङ्गलमान' काव्यमा आत्मासम्बन्धी चिन्तन २०७
४.७ 'आँसु' काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन २११
४.७.१ 'आँसु' काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन २११
४.७.२ 'आँसु' काव्यमा आत्मासम्बन्धी चिन्तन २१६
४.८ 'जूनकीरी'काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन २२४
४.८.१ 'जूनकीरी'काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन २२४
४.८.२ 'जूनकीरी'काव्यमा आत्मासम्बन्धी चिन्तन २३२

४.९ 'भीमसेन थापा'काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन २४०
४.९.१ 'भीमसेन थापा'काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन २४०
४.९.२ 'भीमसेन थापा'काव्यमा आत्मासम्बन्धी चिन्तन २४९
४.१० 'आत्मबिलौना' काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन २५७
४.१०.१'आत्मबिलौना' काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन २५७
४.१०.२'आत्मबिलौना' काव्यमा आत्मासम्बन्धी चिन्तन २६५
४.११ 'कान्तिमती' काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन २८०
४.११.१'कान्तिमती' काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन २८०
४.११.२'कान्तिमती' काव्यमा आत्मासम्बन्धी चिन्तन २८७
४.१२ 'युद्ध र शान्ति' काव्यमा भौतिक जगत् र आत्मासम्बन्धी चिन्तन २९२
४.१२.१'युद्ध र शान्ति' काव्यमा भौतिक जगत्सम्बन्धी चिन्तन २९२
४.१२.२'युद्ध र शान्ति' काव्यमा आत्मासम्बन्धी चिन्तन २९७
४.१३ निष्कर्ष २९८

**पाँचौं परिच्छेद :सिद्धिचरण श्रेष्ठका काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन ३०६-३८५**

५.१ विषयपरिचय ३०६
५.२ 'उर्वशी' काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन ३०६
५.२.१ 'उर्वशी' काव्यमा कर्मसम्बन्धी चिन्तन ३०६
५.२.२ 'उर्वशी' काव्यमा मोक्षसम्बन्धी चिन्तन ३०९
५.३ 'विश्वव्यथा' काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन ३२१
५.३.१ 'विश्वव्यथा' काव्यमा कर्मसम्बन्धी चिन्तन ३२१
५.३.२ 'विश्वव्यथा' काव्यमा मोक्षसम्बन्धी चिन्तन ३२२
५.४ 'ज्यानमारा शैल'काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन ३२३
५.४.१ 'ज्यानमारा शैल'काव्यमा कर्मसम्बन्धी चिन्तन ३२३
५.४.२ 'ज्यानमारा शैल'काव्यमा मोक्षसम्बन्धी चिन्तन ३२४
५.५ 'देवघाट'काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन ३२६
५.५.१ 'देवघाट'काव्यमा कर्मसम्बन्धी चिन्तन ३२६
५.५.२ 'देवघाट'काव्यमा मोक्षसम्बन्धी चिन्तन ३२८
५.६ 'मङ्गलमान' काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन ३३२
५.६.१ 'मङ्गलमान' काव्यमा कर्मसम्बन्धी चिन्तन ३३२
५.६.२ 'मङ्गलमान' काव्यमा मोक्षसम्बन्धी चिन्तन ३३३
५.७ 'आँसु' काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन ३३४
५.७.१ 'आँसु' काव्यमा कर्मसम्बन्धी चिन्तन ३३५
५.७.२ 'आँसु' काव्यमा मोक्षसम्बन्धी चिन्तन ३३८

| | | |
|---|---|---|
| ५.८ | ‘जूनकीरी’काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन | ३४४ |
| | ५.८.१ ‘जूनकीरी’काव्यमा कर्मसम्बन्धी चिन्तन | ३४४ |
| | ५.८.२ ‘जूनकीरी’काव्यमा मोक्षसम्बन्धी चिन्तन | ३४८ |
| ५.९ | ‘भीमसेन थापा’काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन | ३५१ |
| | ५.९.१ ‘भीमसेन थापा’काव्यमा कर्मसम्बन्धी चिन्तन | ३५१ |
| | ५.९.२ ‘भीमसेन थापा’काव्यमा मोक्षसम्बन्धी चिन्तन | ३५५ |
| ५.१० | ‘आत्मबिलौना’ काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन | ३५९ |
| | ५.१०.१‘आत्मबिलौना’ काव्यमा कर्मसम्बन्धी चिन्तन | ३५९ |
| | ५.१०.२‘आत्मबिलौना’ काव्यमा मोक्षसम्बन्धी चिन्तन | ३६२ |
| ५.११ | ‘कान्तिमती’ काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन | ३६७ |
| | ५.११.१ ‘कान्तिमती’ काव्यमा कर्मसम्बन्धी चिन्तन | ३६७ |
| | ५.११.२ ‘कान्तिमती’ काव्यमा मोक्षसम्बन्धी चिन्तन | ३७० |
| ५.१२ | ‘युद्ध र शान्ति’ काव्यमा कर्म र मोक्षसम्बन्धी चिन्तन | ३७६ |
| | ५.१२.१ ‘युद्ध र शान्ति’ काव्यमा कर्मसम्बन्धी चिन्तन | ३७६ |
| | ५.१२.२ ‘युद्ध र शान्ति’ काव्यमा मोक्षसम्बन्धी चिन्तन | ३७८ |
| ५.१३ | निष्कर्ष | ३८० |
| **छैटौँ परिच्छेद : सिद्धिचरण श्रेष्ठका काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन** | | **३८६-४३७** |
| ६.१ | विषयपरिचय | ३८६ |
| ६.२ | ‘उर्वशी’ काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन | ३८६ |
| | ६.२.१ ‘उर्वशी’ काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन | ३८६ |
| | ६.२.२ ‘उर्वशी’ काव्यमा ईश्वरसम्बन्धी चिन्तन | ३८८ |
| ६.३ | ‘विश्वव्यथा’ काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन | ३९० |
| | ६.३.१ ‘विश्वव्यथा’ काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन | ३९० |
| | ६.३.२ ‘विश्वव्यथा’ काव्यमा ईश्वरसम्बन्धी चिन्तन | ३९१ |
| ६.४ | ‘ज्यानमारा शैल’काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन | ३९१ |
| | ६.४.१ ‘ज्यानमारा शैल’काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन | ३९१ |
| | ६.४.२ ‘ज्यानमारा शैल’काव्यमा ईश्वरसम्बन्धी चिन्तन | ३९३ |
| ६.५ | ‘देवघाट’काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन | ३९५ |
| | ६.५.१ ‘देवघाट’काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन | ३९५ |
| | ६.५.२ ‘देवघाट’काव्यमा ईश्वरसम्बन्धी चिन्तन | ३९६ |
| ६.६ | ‘मङ्गलमान’ काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन | ३९६ |
| | ६.६.१ ‘मङ्गलमान’ काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन | ३९६ |
| | ६.६.२ ‘मङ्गलमान’ काव्यमा ईश्वरसम्बन्धी चिन्तन | ३९७ |

६.७ 'आँसु' काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन ४००

६.७.१ 'आँसु' काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन ४००

६.७.२ 'आँसु' काव्यमा ईश्वरसम्बन्धी चिन्तन ४०१

६.८ 'जूनकीरी'काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन ४०४

६.८.१ 'जूनकीरी'काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन ४०५

६.८.२ 'जूनकीरी'काव्यमा ईश्वरसम्बन्धी चिन्तन ४०६

६.९ 'भीमसेन थापा'काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन ४०८

६.९.१ 'भीमसेन थापा'काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन ४०९

६.९.२ 'भीमसेन थापा'काव्यमा ईश्वरसम्बन्धी चिन्तन ४१४

६.१० 'आत्मबिलौना' काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन ४१८

६.१०.१ 'आत्मबिलौना' काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन ४१८

६.१०.२ 'आत्मबिलौना' काव्यमा ईश्वरसम्बन्धी चिन्तन ४२२

६.११ 'कान्तिमती' काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन ४२४

६.११.१ 'कान्तिमती' काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन ४२४

६.११.२ 'कान्तिमती' काव्यमा ईश्वरसम्बन्धी चिन्तन ४२५

६.१२ 'युद्ध र शान्ति' काव्यमा पुनर्जन्म र ईश्वरसम्बन्धी चिन्तन ४२७

६.१२.१ 'युद्ध र शान्ति' काव्यमा पुनर्जन्मसम्बन्धी चिन्तन ४२८

६.१२.२ 'युद्ध र शान्ति' काव्यमा ईश्वरसम्बन्धी चिन्तन ४२९

६.१३ निष्कर्ष ४३३

**सातौँ परिच्छेद :सारांश तथा निष्कर्ष ४३८-४४५**

७.१ विषयपरिचय ४३८

७.१.१ सारांश ४३८

७.१.२ निष्कर्ष ४४३

७.२ सम्भावितशोधशीर्षक ४४५

**सन्दर्भ सामग्रीसूची ४४६-४५५**

## सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अनु | अनुवाद |
| ईपू | ईसापूर्व |
| क्रस | क्रम सङ्ख्या |
| प्रालि | प्राइभेट लिमिटेड |
| मावि | माध्यमिक विद्यालय |
| विसं | विक्रम संवत् |
| संस्क | संस्करण |
| सम्पा | सम्पादक |